चैनपुर नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः९, सङ्ख्याः१ , मितिः २०८२ साल असार २७**

## भाग-१

## चैनपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, सङ्खुवासभा, नेपाल

चैनपुर नगरपालिका, संखुवासभा को आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी चैनपुर नगरपालिकाले यो ऐन स्वीकृत गरी सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं. १ (एक)

नगरसभाबाट स्वीकृत मितिः २०८२/०३/२७ गते
राजपत्रमा प्रकाशित मितिः २०८२/०३/२७ गते

# चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०८२

**प्रस्तावना :** चैनपुर नगरपालिका, संखुवासभा २०८२/०८३ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चैनपुर नगरपालिका, संखुवासभाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "चैनपुर नगरपालिका, संखुवासभाको विनियोजन ऐन, " रहेको छ ।
(२) यो ऐन २०८२ श्रावण १ गतेदेखि चैनपुर नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. **आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८२/०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६८,८९,०६,६६४.०० (अक्षेरुपी रुपैयाँ अडसठ्ठी करोड उनान्नब्बे लाख छ हजार छ सय चौसठ्ठी मात्र ||) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त चैनपुर नगरपालिका, संखुवासभाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **आवश्यक व्यवस्था गर्न सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**आज्ञाले,**
**ओमकार प्रसाद न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**